नेपाल सरकार
# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोनः ४२११७०६, ४२११८३२, ४२११४७८, ४२११४७६
फ्याक्स : ४२११४८०
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः ०७४/०७५
चलानी नं.: २९१

मितिः २०७५।०३।३२

विषयः कर्मचारीहरुको हाजिर तथा कार्यसम्पादन मूल्यांकन फारम सम्वन्धमा ।

श्री पशु सेवा विभाग
हरिहरभवन, ललितपुर ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत पशुपन्छी विकास क्षेत्रको सांगठनिक संरचनाको पुनरावलोकनको कार्य सम्पन्न भई सके पनि प्रस्तावित संगठन संरचना नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई आई नसकेकोले मिति २०७५।४।१ देखि कर्मचारीहरुको समायोजन तथा नयाँ संगठन संरचना अनुसार कार्य संचालन गर्न सकिने अवस्था नदेखिएको र निजामती सेवा ऐन/नियमावली अनुसार प्रत्येक आर्थिक वर्षको श्रावण महिनाको पहिलो साता भित्र कार्य सम्पादन मूल्याङ्कन फाराम भरी आफू कार्यरत निकायमा दर्ता गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ त्यस्ता कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई मिति २०७५ साउन ०१ गतेदेखि अर्को व्यवस्था नभएसम्मका लागि हाजिरी तथा निजामती सेवा ऐन तथा नियमावली बमोजिमको व्यवस्था अनुरुप कर्मचारीहरुको यस आर्थिक वर्ष (२०७४।०७५) अवधिको कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता गर्ने कार्यको लागि तपसिल बमोजिमको अन्तरिम व्यवस्था तथा सहजीकरण गर्न यस मन्त्रलालयको सचिवस्तरको मिति २०७५।०३।३१ को निर्णयानुसार अनुरोध छ ।

## तपसिल

### हाजिरी सम्बन्धमाः

१. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा फाजिलमा परेका तथा काजमा खटिएका कर्मचारीहरुको अर्को व्यवस्था नभएसम्म मन्त्रालयमा र मन्त्रालय मातहतका केन्द्रिय निकायमा फाजिलमा परेका तथा काजमा खटिएका कर्मचारीहरुको अर्को व्यवस्था नभएसम्म सम्बन्धित निकायमा नै ठाडो हाजिर गर्ने व्यवस्था मिलाउने ।

२. हालसम्म पशुसेवा विभाग अन्तर्गतका कार्यक्रम निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र जिल्ला पशु सेवा कार्यालयहरुमा पदाधिकार रहेका तथा सोही कार्यालयहरुमा काजमा खटिएका कर्मचारीहरुले साविककै कार्यालयमा अर्को व्यवस्था नभएसम्म ठाडो हाजिर गर्ने व्यवस्था मिलाउने ।

नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

फोन: ४२११७०६, ४२११८३२, ४२११४७८, ४२११४७६
फ्याक्स : ४२११४८०
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः ०७५।०७६
चलानी नं.: २७७

कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमाः

१. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा फाजिलमा परेका तथा काजमा खटिएका कर्मचारीहरुको अर्को व्यवस्था नभएसम्म कार्यसम्पादन मूल्यांकन फारम मन्त्रालयमा नै दर्ता गर्ने ।

२. पशु सेवा विभाग लगायत खारेजीमा नपरेका निकायहरुले साविककै निकायमा यस अघिका आ.व.हरुमा अवलम्बन गरिएको पद्दति बमोजिम नै का.स.मु. दर्ता गर्ने ।

३. पशु सेवा विभाग मातहत रहेका खारेजीमा परेका कार्यक्रम निर्देशनालय र कार्यालयमा फाजिलमा परेका कर्मचारीहरुको हकमा पशु सेवा विभागमा का.स.मू दर्ता गर्ने ।

४. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय मातहतका खारेजीमा परेका क्षेत्रीय निर्देशनालयका कर्मचारीहरुले अर्को व्यवस्था नभएसम्म प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता गर्ने।

५. जिल्ला पशु सेवा कार्यालय खारेजी भए पश्चात त्यहाँका कर्मचारीहरु र स्थानीय तहमा खटिएका कर्मचारीहरुको सम्बन्धित जिल्लामा रहेका मालपोत कार्यालयहरुमा कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता गर्ने ।

६. प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा खटिएका कर्मचारीहरुको हकमा कार्यसम्पादन मूल्याङ्कन फारम दर्ता सम्वन्धित प्रदेश मन्त्रालयमा गर्ने व्यवस्था मिलाउने ।

२०७५।३।२२

(दीर्घराज उपाध्याय)
उपसचिव

बोधार्थ

श्री भूमि व्यवस्था तथा अभिलेख विभाग बबरमहलः तहाँ अन्तर्गतका मालपोत कार्यालयहरुलाई जानकारी गराउनु हुन ।

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सबै प्रदेश ।